

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ३१ गते मंगलबार ❑ 16 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## राष्ट्रपति भण्डारीद्धारा अन्नपूर्ण केबलकारको अवलोकन

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

राष्ट्रपति विद्यादेवी भण्डारीले पोखराको सेदिमा रहेको अन्नपूर्ण केबलकारको अवलोकन गर्नुभएको छ।

सोमबारपोखराआउनुभएको भण्डारीले केबलकारको अबलोकन गरेको जनरल म्यानेजर दिनेश पौडेलले जानकारी दिनुभयो । राष्ट्रपति भण्डारीले अबलोकनका साथै केबलकारमासबारसमेतगर्नुभएको छ । अबलोकनको क्रममा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य र केबलकारका कर्मचारीहरुको सहभागिता रहेको थियो।

मंगलबार हुने विभिन्न कार्यक्रममा सहभागी हुन आउनुभएको उहाँले मंगलबार बिहान ८.३० बजे पोखरास्थित विन्ध्यवासिनी मन्दिरको दर्शन गरी ११ बजे विन्ध्वासिनी मावि



बाटुलेचौरको हिरक जयन्तीमा सहभागी हुने र मंगलबार नै दिउँसो १ बजे तमुधीमा ट्रहोटे पर्वको कार्यक्रममा सहभागी बनी काठमाडौं फर्कने कार्यक्रम रहेको छ। मङ्गलबार हुने विभिन्न कार्यक्रममा सहभागी हुन उहाँ बुद्ध एयरको जहाजमार्फत पोखरा आइपुग्नुभएको हो।

पोखरा विमानस्थलको अतिविशिष्ट कक्षमा राष्ट्रपति भण्डारीलाई गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङ, मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल तथा उच्च पदस्थ सरकारी अधिकारीले स्वागत गर्नुभएको थियो । राष्ट्रपति भण्डारी पोखराको विरौटास्थित होटेल पोखरा ग्रान्डमा बस्नुभएको छ । राष्ट्रपतिको पोखरा भ्रमणलाई लक्षित गरी यहाँको सुरक्षा व्यवस्था कडा बनाइएको छ।

## जनप्रतिनिधि उत्पादनसंग जोडिनु पर्दछ –उपसभामुख शर्मा

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले महिला जनप्रतिनिधिहरु जनसेवामा समर्पित हुँदै आयआर्जनसँग जोडिनु पर्ने बताउनु भएको छ।

नवलपुर जिल्लास्थित मध्यविन्दु नगरपालिकाद्धारा आयोजित महिला जनप्रतिनिधिसँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले आर्थिकरुपमा सवल बन्नका लागि उत्पादनसँग जोडिनुको विकल्प नभएको बताउनुभयो । बजार आवश्यकताको अध्ययनका आधारमा वस्तु उत्पादन गर्नुपर्ने र उत्पादित वस्तुको बजारीकरणमा स्थानीय सरकार जिम्मेवार हुनु पर्नेमा उपसभामुख शर्माको जोड थियो। पालिकामा महिला तथा वालवालिका सम्वन्धित धेरै शिर्षकमा रकमान्तर गरिएको हुन्छ उहाँले भन्नुभयो त्यसको भरपुर उपयोगमा जनप्रतिनिधि महिलाहरु सचेत हुनु पर्ने आवश्यकता औल्याउनुभयो। स्थानीय निर्वाचनमा गठबन्धनको कारण महिला जनप्रतिधिको संख्यामा कमि आएकोमा दुःख व्यक्त गर्दै आगामी संघ र प्रदेशको निर्वाचनमा प्रत्येक्षतर्फ महिलाको संख्यामा बृद्धि गर्न सवै राजनैतिक पार्टी गम्भिर हुनुपर्नेमा उहाँको जोड थियो।

कार्यक्रममा गण्डकी प्रदेश सभा सदस्य लक्ष्मी सुनारले समाजमा हुने प्रत्येक विभेदको अन्त्यका लागि टोलटोलमा सचेतना कार्यक्रमको खाँचो औल्याउँदै चेतनामूलक अभियानमा सवैको साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो । मध्यविन्दु नगरपालिकाका उपप्रमुख पूर्णकला चौधरीले पालिकाले जनप्रतिनिधिका लागि नेतृत्व विकास एवम् सिपमूलक तालिममलाई जोड दिंदै आएको जानकारी दिंदै न्याय संपादनमा योग्य जनशक्तिको खाँचो औल्याउनुभयो । महिला जनप्रतिनिधि र विभिन्न संधसंस्थामा आवद्ध महिला गरि कूल ५० जनाको सहभागिता रहेको कार्यक्रमका सहभागिहरुले समाजमा हुने जातीय, लैङ्गिक र क्षेत्रीय विभेदको अन्त्यका लागि कानूनी तथा आर्थिक समृद्धिका अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए।




## विज्ञापन आचारसंहिताको पालना गरौं ।

◆विज्ञापन क्षेत्रलाई स्वच्छ, पारदर्शी, मर्यादित र प्रतिस्पर्धी बनाउन विज्ञापन आचारसंहिता जारी भएको छ।

◆विज्ञापन आचारसंहिता विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमलाई लागु हुन्छ।

◆विज्ञापन आचारसंहिता पालना गरौं र गराऔं।

*विज्ञापन व्यवसायलाई स्वच्छ र मर्यादित बनाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## मुग्लिन-पोखरा सडकको पश्चिम खण्डमा मुआब्जा वितरण सुरु

पोखरापत्र संवाददाता
दमौली, ३० साउन

मुग्लिन-पोखरा सडक विस्तारका क्रममा तनहुँको पश्चिम खण्डमा मुआब्जा वितरण सुरु गरिएको छ । सडक विस्तार योजनाअन्तर्गत पश्चिम खण्डको म्याग्दे गाउँपालिकाको जामुनेदेखि शुक्लागण्डकी नगरपालिकाका कोत्रेसम्मका संरचना हटाउनका लागि मुआब्जा वितरण सुरु गरिएको हो।

उक्त खण्डका एक सय ३८ संरचना हटाउनुपर्नेमा ४२ घरका लागि रु ४० लाख मुआब्जा रकम वितरण गरिएको सडक योजना (पश्चिम खण्ड) का प्रमुख अमित श्रेष्ठले जानकारी दिनुभयो । एक सय ३८ संरचना हटाउनका लागि रु दुई करोड ४५ लाख ३९ हजार छ सय ३३ मुआब्जा वितरण गरिने उहाँले बताउनुभयो । व्यक्तिगत तथा सार्वजनिक घर टहरा, पर्खाललगायत संरचना हटाउन मुआब्ब्जा वितरण थालिएको बताइएको छ। सडकको मापदण्ड २५/२५ मिटर दायाँबायाँको क्षेत्रभित्र निर्माण गरिएका व्यक्तिगत तथा सार्वजनिक घरटहरा, पर्खाल लगायतका संरचना हटाउनका लागि आयोजना प्रभावितलाई क्षतिपूर्तिबापत मुआब्जा वितरण गरिएको श्रेष्ठले बताउनुभयो।

तनहुँका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित उपसमितिले म्याग्देको जामुनेदेखि शुक्लागण्डकीको कोत्रेसम्मका एक सय ३८ संरचनाको क्षतिपूर्ति रकम वितरण गर्ने निर्णय गरेको थियो । एसियाली विकास बैंकको 'सेफगार्ड पोलिसी स्टेटमेन्ट' अनुसार आयोजना प्रभावितलाई क्षतिपूर्ति रकम दिएर मात्र हटाउनुपर्ने व्यवस्था भएकाले मुआब्जा वितरण सुरु भएको आयोजना प्रमुख श्रेष्ठले बताउनुभयो । आयोजनाले गत असार १९ गते सूचना प्रकाशित गरी संरचना धनीलाई सम्बन्धित पालिकाका वडा कार्यालयको सक्कल सिफारिस पत्र, नेपाली नागरिकताको प्रमाणपत्र, बैंक खाता नं र हालसालै खिचेको फोटो निवेदनमा टाँस गरी कार्यालयमा सम्पर्क राख्न आउन अनुरोध गरेको थियो । घरटहरा आदिका लागि क्षतिपूर्ति रकममध्ये आधा रकम पहिलो किस्ता स्वरुप लिई पहिलो किस्ताबापतको क्षतिपूर्ति रकम बुझेको मितिले एक महिनाभित्र सम्पूर्ण संरचना हटाइ सो को पुष्टि गरेपछि थप रकम भुक्तानी गरिने जनाइएको छ । आयोजना कार्यान्वयनमा आइपर्ने गुनासोको सुनुवाइ गर्नका लागि आयोजनाको दस्तावेज (पुर्नवास योजना) बमोजिम कार्य गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गुनासो सुनुवाइ समिति गठन गरिएको छ।

समितिको सदस्यमा आयोजना प्रमुख, शुक्लागण्डकीका नगर प्रतिनिधि, म्याग्देका प्रतिनिधि, आयोजनाको परामर्शदाताका वातावरण विज्ञ र सामाजिक विज्ञ रहनुभएको छ । मुग्लिन-पोखरा राजमार्गलाई चार लेनको बनाउन तनहुँमा दुई खण्ड विभाजन गरी कामलाई अगाडि बढाइएको छ । पश्चिम (जामुने-पोखरा) खण्डको ठेक्का यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सन कम्पनीले पाएको छ। उक्त कम्पनीले अहिले सडक फराकिलो बनाउने काम गरिरहेको छ। आयोजनाको पूर्वी खण्ड आँबुखैरेनी-जामुनेतर्फ पनि सडक चौडा बनाउने काम भइरहेको छ।

पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । पूर्वी खण्डमा आर्थिक वर्ष २०७८/७९ को अवधिमा रु ५७ करोड चार लाख ४२ हजार ९६ खर्च भइसकेको छ। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो ।


बाँकी अन्तिम पृष्ठमा ▶▶


## एमालेको संगठनात्मक कार्यशाला बन्दिपुरमा सम्पन्न

पोखरापत्र संवाददाता
तनहुँ, ३० साउन


नेकपा एमाले गण्डकी प्रदेश कमिटीले तनहुँको बन्दीपुरमा २ दिने संगठनात्मक कार्यशाला सोमवार सम्पन्न गरेको छ।

कार्यशालाको समापन गर्दै उपमहासचिव एवम् गण्डकीका संस्थापक मुख्यमन्त्री पृथ्वी सुब्बा गुरुङले पार्टीको आन्तरिक एकतालाई मजबुद पार्दै नेपाली कम्युनिष्ट आन्दोलनको मुल प्रवाह नेकपा एमालेलाई पुनः बहुमतसहित पहिलो पार्टी बनाउनुपर्नेमा जोड दिए ।




कार्यशालामा एमाले सचिव पद्मा अर्याल र स्थायी कमिटी सदस्य खगराज अधिकारीले कार्यपत्र प्रस्तुत गर्दै दक्षिणपन्थी अवसरवाद र संगठनात्मक अराजकतालाई परास्त गर्दै पार्टी एक हुनुपर्ने उल्लेख गरे । कार्यपत्रमाथि ११ जिल्ला र मोर्चा संगठनले समुहगत छलफल गर्दै सुझाव दिएका थिए। प्रदेश कमिटी अध्यक्ष नवराज शर्माको अध्यक्षतामा भएको कार्यक्रममा स्थायी कमिटी सदस्यहरु कर्ण थापा, भानुभक्त ढकाल, गण्डकी प्रदेश कमिटी उपाध्यक्ष मोहन प्रसाद रेग्मी, सचिव धनञ्जय दवाडी, उपसचिव रश्मी आचार्य लगायतले बोलेका थिए।

आइतवार शुरु कार्यशालामा प्रदेशका ११ वटै जिल्लाका अध्यक्ष, सचिव, संगठन विभाग प्रमुख, प्रदेशमा रहेका केन्द्रिय सदस्य, प्रदेश कमिटीका पदाधिकारी, २२ वटै जनवर्गिय संगठनका प्रदेश अध्यक्ष लगायतको सहभागिता रहेको थियो।

# नवौं राष्ट्रिय खेलकुद नवलपुरमा हुनुपर्छ : खेलकुदकर्मी

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन



आसन्न नवौं राष्ट्रिय खेलकुद नवलपुरमा सञ्चालन गर्नुपर्ने खेलकुदकर्मीले माग गरेका छन् ।

सोमबार नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अर्न्तगतको खेल मैदान व्यवस्थापन उपसमितिसँग जिल्ला खेलकुद विकास समिति नवलपुरले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा यस्तो माग गरेका हुन् । कार्यक्रममा नवलपुर नगरपालिकाकी उपप्रमुख फुलकुमारी थनेतले नवलपुरमा खेलकुदका पूर्वाधारहरु पर्याप्त रहेको भन्दै नवलपुर नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् । करिव ३९ वर्षपछि गण्डकी प्रदेशमा आयोजना हुन लागेको प्रतियोगिता आफ्नो नगरपालिकामा सञ्चालन गर्न पाउनु गौरवको विषय भएको भन्दै उनले यसलाई सम्पन्न गर्न आफ्नो तर्फबाट गर्नुपर्ने सहयोगका विषयमा कुनै कसर बाँकी नराख्ने बताइन् । उनले भनिन् 'समग्र जिल्ला मात्रै नभई देशकै गौरव बढाउने प्रतियोगिता सञ्चालन हुनु राम्रो हो, यसमा हामीलाई आएको जिम्मेवारी सभ्य र भब्य रुपमा सम्पन्न गर्न कुनै कसर बाँकी राख्दैनौं । त्यसका लागि छिमेकी पालिकासँग सहकार्य गरेर यसको जिम्मेवारी पुरा गर्नेछौं ।'

यस्तै कार्यक्रममा कावासोती वडा नम्वर १२ वडाध्यक्ष समेत रहेका पूर्व खेलकुद विकास समिति नवलपुरका सचिव ध्रुव खनाल 'दिपेश'ले नवलपुरमा नवौं खेलका लागि आवश्यक पर्ने सबै पूर्वाधारहरु रहेका हुनाले आफूहरु प्रतियोगिता सञ्चालन गर्न उत्साहीत रहेको बताए । यस्तै कार्यक्रममा जिल्ला क्रिकेट संघ नवलपुर पूर्व अध्यक्ष प्रकाश पौडेलले आफ्नो जिल्लामा क्रिकेटका पूर्वाधारहरु प्रशस्त रहेको भन्दै यसपटक क्रिकेट खेल सञ्चालनको जिम्मेवारी आफूहरुले पाउनुपर्ने दावी गरे । यस्तै जिल्ला फुटबल संघ नवलपुरका उपाध्यक्ष मेघराज पाण्डेले जिल्लामा राष्ट्रिय स्तरकै महिला खेल आफूहरुले यसअघि सम्पन्न गरिसकेको हुनाले आफूहरु पुरुष महिला दुबै खेल सञ्चालन गर्न सक्षम रहेको बताए। कार्यक्रममा सहभागीहरुबाट उठेका जिज्ञासाहरुको सहजीकरण राष्ट्रिय खेलकुद परिषदका सदस्य तथा खेलस्थल व्यवस्थापन उपसमितिका संयोजक राजेश कुमार गुरुङले गरेका थिए । उनले नवौं खेलकुद सञ्चालनका लागि नवलपुरले देखाएको सक्रियताले आफूलाई खुशी लागेको बताए । उनले भने, 'यहाँहरुले ३९ वर्षपछि प्रदेशमा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि देखाउनुभएको तत्परताप्रति आभार व्यक्त गर्न चाहान्छु । उनले जिल्लामा धेरैभन्दा धेरै खेल आयोजनाका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरे ।' समितिका अध्यक्ष सेतबहादुर पुनको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत पूर्व खेलकुद विकास समितिका सचिव ध्रुव खनाल दिपेश र सञ्चालन मेधनीलाल पाण्डेले गरेका थिए । खेलस्थल व्यवस्थापन उपसमितिले जिल्लास्थित कर्भडहल र कावासोती ३ स्थित नमुना सदरमुकामको हाताभित्र रहेको खेलकुद विकास समितिको १५ विगा जग्गाको अवलोकन गरेको छ । आगामी असोज २८ गतेदेखि कार्तिक ३ गतेसम्म तय भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा ११ टिमले ३६ खेलका ४०७ पदकालागि प्रतिस्पर्धा गर्नेछन् ।

# पोखरामा भारतीय स्वतन्त्रता दिवस कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन




छिमेकी देश भारतको ७६ औ स्वतन्त्रता दिवसको अवसर पारी पोखरामा विविध कार्यक्रम गरीएको छ ।

स्वतन्त्रता दिवसको अवसरमा भारतीय पेन्सन वितरण क्याम्प पोखरामा कार्यरत उत्कृष्ट कर्मचारीतर्फ भरत भुषण पाण्डे, डोल बहादुर थापा, तिर्थ प्रसाद दंगाल, रोसन गिरी, दुर्गा प्रसाद सुवेदी, प्रेम बहादुर गुरुङ, बिना थापा, कृष्ण बहादुर पोरेलाई कार्यलयका प्रमुख कर्णेल शशांक त्रिपाठीले सम्मान गर्नु भएको थियो ।

सम्मान गर्दै नेपाल भारत सम्बन्ध रगतमा रहेको र नेपाली भू.पू.को वलिदानको कारण भारत स्वतन्त्र रहेकोमा प्रशंसा ब्यक्त गर्नुभएको थियो । नेपाल र भारतको सम्बन्ध विश्वमा उदारणीय रहेको बताउदै प्रमुख त्रिपाठीले सेवा निवृत भू.पू. हरुको सेवा सुविधालाई भारत सरकारले उच्च मुल्याङ्कनमा राखेको बताए । नेपाल भारतमैत्री विद्यालयकाविद्यार्थीहरुबाटनेपाली र भारतीय प्रस्तुती राखेका थिए ।

कार्यक्रममा पोखराका शिक्षा, समाजिक क्षेत्रका विशेष ब्यक्तिहरुको सहभागिता रहेको थियो ।

# लायन्स क्लबद्धारा विद्यार्थीलाई साइबर अपराध सम्बन्धी सचेतना कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन




पछिल्लो समय बढ्दो साइबर अपराधलाई दृष्टिगत गर्दै लायन्स क्लब अफ पोखरा अभियानले साइबर अपराध सम्बन्धि जनचेतना कार्यक्रम गरेको छ । क्लबले पोखराको नदिपुर स्थित माउण्ट अन्नपूर्ण मावि कक्षा १२ का विद्यार्थीहरुलाई साइबर अपराधको बारेमा सचेतना कार्यक्रम गरेको हो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरिक्षक सुन्दर तिवारीले सुचना र प्रविधिको वर्तमान युगमा यसको दुरुपयोग गर्दै समाजमा साना देखि जघन्य अपराधहरु हुनु चिन्ताको विषय भएको जनाउँदै सबै मिलेर यस्ता कार्यलाई निरुत्साहित गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले साइबर अपराध के हो, कसरी अपराधको चक्रब्यूहमा फसिन्छ ? त्यसबाट जोगिने के कस्तो कुरा सजक हुने भन्ने विषयमा प्रस्तुतीकरण राख्नुभएको थियो । डिएसपी तिवारीले स्कुल कलेजका विद्यार्थी देखि विभिन्न क्षेत्रका मानिसलाई इन्टरनेट, फोन लगायतका माध्यमबाट आर्थिक प्रलोभन देखाउने, गोप्य सुचना एवम अश्लिल भिडियो, वार्तालाप लगायतका विषयलाई लिएर ब्लाकमेलिङ गर्ने गिरोह सक्रिय हुँदै गएको त्यसको प्रभावमा स्कुल कलेज, देखि धनाढ्य व्यत्ति, व्यापारी, सर्वसाधारण नागरिकहरु शिकार हुने गरेकाले चनाखो हुन आवश्यक रहेको बताउनुभयो । फेसबुक म्यासेन्जर, इन्टाग्राम, वाट्सएप, भाइबर लगायत सामाजिक सञ्जालको दुरुपयोग गर्दै साइबर अपराध बढेको उहाँको भनाइ छ । अपराध रहित समाजको लागि सबै नागरिकको दायित्व अपरिहार्यता रहेको जनाउँदै लायन्स क्लब जस्तो सामाजिक संस्थाले यसलाई अभियानको रुपमा अगाडि बढाएर लाने सके साइबर अपराध न्यूनिकरणमा सहयोग पुग्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा लायन्स क्लब अफ अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ आइ नेपालका भाइस डिष्ट्रिक गर्भनर विनोद ढुंगानाले समाजमा बढ्दो साइबर अपराधलाई न्यूनिकरण गर्न जनचेतनाको आवश्यकता रहेको बताउनुभयो । उहाँले कतिपय अवस्थामा पढेलेखेका र शिक्षित मानिस समेत विभिन्न प्रलोभनमा पर्ने र ठगिने गरेको स्मरण गराउँदै यस्तै जनचेतना कार्यक्रमबाट सचेत गराउन आवश्यक रहेको बताउनुभयो । क्लबका अध्यक्ष कृष्ण लम्सालले सबैको पहुँचमा पुग्दै गएको हात हातको स्मार्ट फोनको सदुपयोग भन्दा दुरुपयोग गर्ने र मानिसलाई विभिन्न प्रलोभनमा पार्ने गरेका घटना दिनप्रतिदिन आइरहेकाले त्यसमा कलेजका विद्यार्थीहरु समेत ठगिने र ब्लाकमेलिङको शिकार हुन थालेकाले सचेत गराउनका लागि कार्यक्रम गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्मा, विद्यालयकाका प्राचार्य सइन्द्रराज श्रेष्ठ, एकेडेमि डाएरेक्टर अशोक कुमार शाही, क्लबका सहसचिव नवराज शर्मा पौडेल लगायतले बढ्दो साइबर अपराध न्यूनिकरणमा शिक्षक, अभिभावक र स्वयम विद्यार्थी एवम सञ्चार जगतको भूमिका के हुने भन्ने विषयमा धारणा राख्नुभएको थियो । सो अवसरमा विद्यार्थी एवम् सहभागिहरुले साइबर अपराधबाट कसरी जोगिने भन्ने विषयमा प्रहरी नायव उपरिक्षक सुन्दर तिवारीलाई जिज्ञासा राखेका थिए ।

# प्रेस सेन्टरका पदाधिकारीलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन




गण्डकी प्रदेशबाट निर्वाचित प्रेस सेन्टरका केन्द्रीय पदाधिकारीलाई सेन्टर जिल्ला शाखा कास्कीले सोमबार सम्मान गरेको छ ।

शाखाले चौथो महाधिवेशनबाट उपाध्यक्षमा निर्वाचित त्रिभुवन पौडेल, उपमहासचिव दिपक जलन, सचिवद्वय माधव पनेरु र दिपक भट्टराई, नीति योजना तर्जुमा समिति सदस्य विभू भुषाल लगायतलाई एक कार्यक्रमका बीच बधाई दिर्दै सम्मान गरेको हो । कार्यक्रममा धारणा राख्दै नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजीप्रसाद बरालले प्रेस सेन्टरलाई अझै क्रान्तिकारी पत्रकार सस्थाका रुपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभयो। मन्त्री बरालले सम्मान गर्ने संस्कारको सुरुवात गरेकोमा जिल्ला शाखा प्रति आभार प्रकट गर्दै समुन्नत राष्ट्र निर्माणमा पत्रकारको भूमिका अहम् रहने गरेको औंल्याउनुभयो । अग्रज पत्रकार कोमलनाथ बरालले पत्रकारले समाजलाई अग्रगामि दिशातर्फ लैजान भूमिका निर्वाह गर्नुपर्ने भन्दै मिसन पत्रकारितामा जोड दिनुभयो । उहाँले विगतमा पोखराबाट प्रकाशित हुने स्वाभिमान साप्ताहिकलाई पुनः जीवन दिई पुनः प्रकाशन गर्नुपर्नेमा जोड समेत दिनुभयो ।

त्यस अवसरमा नेकपा माओवादी केन्द्र गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङ, पार्टी केन्द्रीय सदस्य तेजकुमारी पौडेल, राष्ट्रिय भूमि आयोग कास्की अध्यक्ष गंगा पोखरेल, पार्टी महानगर सचिव जनकराज पराजुली, सम्मानित त्रिभुवन पौडेल, दिपक जलन, माधव पनेरु, पत्रकार महासंघ कास्कीका कार्यबहाक अध्यक्ष रामप्रसाद तिमिल्सीना, प्रेस युनियन कास्कीका कार्यवहाक सभापति रविना आले लगायतले पनि धारणा राख्नुभयो । उहाँहरुले पत्रकारले सामाजिक न्यायको पक्षमा कलम चलाउनुपर्ने, पित पत्रकारिता तोड्नुपर्ने, पत्रकार राजनीतिक दलको तथा कार्यकर्ताको भऱ्याङ बन्न नहुने, पत्रकारिता मार्फत समाजवादका मुद्धा जनतामाँझ लैजानुपर्ने लगायतका सुझाव राख्नुभयो ।

शाखा अध्यक्ष कृष्ण दवाडीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम शाखा सचिव पुष्प दाहालले संचालन गर्नुभयो ।

# मुग्लिन...

असी किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरेर ठेक्का लगाइएको छ। पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाख १३ हजारमा र पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा लागेको छ । चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ। डिजाइन अनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ। दुलेगौडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ।

सडक चार लेनको बन्दा अहिले भएका पुलको ठाउँमा नयाँ पुल बन्नेछन् । आँबुखैरेनीदेखि पोखरासम्मको ८० किलोमिटर दुरीमा सडक चार लेन भएसँगै ३१ नयाँ मोटरेबल पुल निर्माण हुनेछन् । आँबुखैरेनीदेखि मुग्लिन खण्डको आठ किलोमिटर दुरीको भने डिजाइन हुँदैछ।

यो खण्डमा हाल पृथ्वी राजमार्गको भएको स्थानमा मर्स्याङ्दी जलविद्युत् गृह रहेको छ । जलविद्युत् गृह र सडक फराकिलो बनाउन सकस हुने भएपछि सडकको रेखाङ्कन नै परिवर्तन गर्नुपरेको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# गाउँमै सेवा पाउँदा मक्ख

– रामबहादुर थापा
बागलुङ, ३० साउन (रासस)

बागलुङ नगरपालिका-११ रायडाँडा निवासी खगेश्वर उपाध्यायका श्रीमती र दुई छोरा अशक्त छन् । बौद्धिक अपाङ्गताबाट ग्रुजिरहेका उनीहरूको सुसार र लालनपालनको अभिभारा ६७ वर्षीय उपाध्यायको काँधमा छ ।

दुःखजिलो गरेर परिवारको गुजारा धानिरहनुभएका उहाँ आइतबार नगरपालिकाले आयोजना गरेको ‘सेवा प्रवाह घुम्ती शिविर’मा भेटिनुभयो । अपाङ्गता परिचयपत्र बनाउन श्रीमती जमुना, छोरा मित्रप्रसाद र लोकनाथलाई साथै लिएर उपाध्याय शिविरमा पुग्नुभएको थियो ।

वडा कार्यालय परिसरमै चलेको शिविरबाट सेवा लिएपछि उहाँले भन्नुभयो, “गाउँमै सेवा पाउँदा खुसी लागेको छ, नत्र जम्मैलाई बोकेर बजार जानुपथ्र्यो ।” घरकै तीन-तीनजना अशक्त सदस्यलाई लिएर नगरपालिका धाउनुपर्ने बाध्यता टरेपछि उहाँ दङ्ग देखिनुहुन्थ्यो । त्यत्ति कामका लागि उपाध्यायले रायडाँडादेखि सदरमुकाममा रहेको नगरपालिका कार्यालय आउजाउ गर्नुपरेको भए धेरै खर्च र सास्ती व्यहोर्नुपर्ने हुन्थ्यो । सोही वडाका शेरबहादुर थापा पनि दुई अपाङ्गता भएका छोरीलाई परिचयपत्र दिलाउन शिविरमा पुग्नुभएको थियो ।

सेवा प्रवाहलाई नागरिकको घरदैलोमा पुर्‍याउने उद्देश्यले नगरपालिकाले शिविर सञ्चालन गरेकामा उहाँले खुसी व्यक्त गर्नुभयो । “परिचयपत्रका लागि गाडी नै रिजर्भ गरेर बागलुङ जानुपथ्र्यो, शिविर आएपछि सबैलाई सुविस्ता मिलेको छ, खर्च, दुःख केही झेल्नुपरेन”, उहाँले भन्नुभयो । थापाकी २३ वर्षीया छोरी यमुना र १६ वर्षीया रेनुकामा बौद्धिक अपाङ्गता छ । दुवैले ‘ख’ वर्गको अपाङ्गता परिचयपत्र पाएका छन् । बागलुङ-१० भकुण्डेकी ७० वर्षीया तुलसी विकले सोमबार गाउँमै चिकित्सक भेट्न पाउनुभयो । वडामा सञ्चालित शिविरबाट निःशुल्क स्वास्थ्य जाँच र औषधि पाएपछि विक प्रफुल्ल देखिनुहुन्थ्यो ।

“छातीको समस्या भएर पोखराको अस्पतालमा दस दिन बसेँ, अहिले यहाँ देखाउँदा डाक्टरले सबै ठीक छ भन्नुभएको छ, औषधि पनि दिनुभएको छ, अब पोखरा जान मन छैन”, उहाँले भन्नुभयो, “औषधि लिन पनि कहाँकहाँ जानुपथ्र्यो, अहिले यहीँ पाइयो, खुसी लागेको छ ।”

उपाध्याय, थापा र विक मात्र होइन घरदैलोमै नगरका सेवा पाउँदा गाउँका सबै मक्ख छन् । नगरको महिला तथा बालबालिका शाखाप्रमुख सरस्वतीदेवी रेग्मीले उपाध्यायकी श्रीमती जमुनाले ‘क’ र छोरहरू मित्रप्रसाद र लोकनाथले ‘ख’ वर्गको परिचयपत्र पाएको जानकारी दिनुभयो । पहिले अपाङ्गता परिचयपत्र वितरण गर्ने महिला तथा बालबालिका कार्यालय खारेज भएको स्थितिमा नगरपालिकामार्फत परिचयपत्र प्रदान गरिएको उहाँको भनाइ छ । “शिविरबाट नयाँ, पुराना सबैलाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ”, शाखाप्रमुख रेग्मीले भन्नुभयो, “घरदैलोमै सेवा पाउँदा अपाङ्गता भएका व्यक्ति र उहाँहरूका परिवारजन खुसी हुनुहुन्छ ।” रायडाँडाको शिविरबाट ‘क’ वर्गका पाँच, ‘ख’ वर्गका १५, ‘ग’ वर्गका छ र ‘घ’ वर्गका दुई गरी २८ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको थियो । यस्तै भकुण्डेमा सञ्चालित शिविरबाट ३० जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ । तीमध्ये ‘क’ वर्गका १५, ‘ख’ का १० र ‘ग’ का पाँचजना छन् ।

‘क’ वर्गको परिचयपत्र पाउने पूर्ण अशक्त व्यक्तिले मासिक रु चार हजार र ‘ख’ वर्गका अति अशक्तले रु दुई हजार एक सय भत्ता बुझ्छन् । ‘ग’ र ‘घ’ वर्गमा पर्ने अपाङ्गता भएका व्यक्तिले भने राज्यले दिने अरू सुविधा र सहुलियत मात्र पाउँछन् । ग्रामीण भेगका सेवाग्राहीलाई लक्ष्य गरी नगरपालिकाले आइतबार वडा नं ११ रायडाँडा र सोमबार वडा नं १० भकुण्डमा शिविर सञ्चालन गरेको हो । रायडाँडा नगरको केन्द्रदेखि भौगोलिक हिसाबले टाढा र कठिन वडा पनि हो । शिविरमा योजना सम्झौता, अपाङ्गता परिचयपत्र वितरण, निःशुल्क स्वास्थ्य जाँच तथा औषधि वितरण, माटो परीक्षणलगायत सेवा प्रदान गरिएको थियो । शिविरमा उपभोक्ता समिति र सर्वसाधारणलाई वित्तीय साक्षरता अनुशिक्षण पनि दिइएको थियो । वडा नं ११ रायडाँडामा सञ्चालित शिविरमा रु १० लाखभन्दा माथिका तीन र १० लाख मुनिका पाँच योजना सम्झौता गरिएको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले जानकारी दिनुभयो ।

यस्तै शिविरमा सञ्चालित निःशुल्क स्वास्थ्य जाँच तथा उपचार सेवाबाट एक सय ४० जना लाभान्वित भएका थिए । तीमध्ये ४३ जना महिलाको पाठेघर जाँच र उपचार गरिएको थियो । सत्र जना महिलाले यौनजन्य रोगको उपचार र चार जनाले परिवार नियोजनको सेवा पाएका थिए । शिविरकै अवसरमा कृषि प्राविधिकले किसानको खेतबारीमै पुगेर माटोको गुणस्तर परीक्षण गरेका थिए । रायडाँडाको छ स्थानको माटोको नमूना परीक्षण गरिएको हो । परीक्षणका क्रममा दोमोट प्रकारको माटो पाइएको थियो । सोमबार भकुण्डेमा सञ्चालित शिविरबाट चालु आवमा स्वीकृत पूर्वाधार तर्फका १६ वटा योजना सम्झौता भएको वडाध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो । शिविरमा एक सय ५१ जनाको सामान्य स्वास्थ्य जाँच तथा ६७ जनाको पाठेघर परीक्षण गरिएको थियो । तीमध्ये दुई जनामा रिङ्ग पेशरी लगाइएको र १६ जनाको यौन रोग परीक्षण गरिएको नगरका जनस्वास्थ्य निरीक्षक डिल्लीप्रसाद आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार बिरामीलाई निःशुल्क औषधि वितरणसमेत गरिएको थियो । नेपाली सेनाका चिकित्सक शिशिर खाँडसहित नगरपालिकाका स्वास्थ्यकर्मीले सर्वसाधारणलाई स्वास्थ्य सेवा प्रदान गरेका थिए । एक सय चार जनाको मधुमेह परीक्षण र परिवार नियोजनतर्फ दुई जनामा नरप्लान्ट राखिएको र एक जनाको नरप्लान्ट झिकिएको जनाइएको छ ।

यस्तै भकुण्डेका १८ वटा स्थानको माटो परीक्षणसमेत गरिएको छ । चालीस रोपनी जमिनलाई समेट्ने गरी गरिएको परीक्षणमा माटोमा अम्लीयपन अधिक पाइएको नगरको कृषि शाखाका प्रमुख राहुल केसीले बताउनुभयो । किसानलाई आवश्यक मात्रामा कृषि चुनको प्रयोग गर्न सुझाव दिइएको उहाँको भनाइ छ । शिविरकै क्रममा बालमैत्री स्थानीय शासनका सूचक स्थानीयकरण गर्न सरोकार भएका पक्षलाई अनुशिक्षणसमेत प्रदान गरिएको थियो । बागलुङलाई बालमैत्री नगर बनाउने घोषणा यसअघि नै भइसकेको छ ।

नगरबाट प्रवाह हुने सेवा पहुँचयोग्य, सरल र छरितो बनाउन वडास्तरमा घुम्ती शिविरको अभियान थालिएको नगर उपप्रमुख राजु खड्काले बताउनुभयो । बजार क्षेत्रमा पर्ने वडा नं १, २, ३ र ४ बाहेक नगरका दसवटै वडामा शिविर सञ्चालन गरिने उहाँले जानकारी दिनुभयो । दोस्रो चरणको शिविर भदौ ८ गते वडा नं १२ अमलाचौरबाट सुरु हुने नगरपालिकाले जनाएको छ । शिविरमा झण्डै ८० प्रतिशत योजना सम्झौता गर्ने लक्ष्य लिइएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटाले बताउनुभयो । वडा तहमै योजना सम्झौता गर्दा उपभोक्तालाई नगरपालिका धाउनुपर्ने बाध्यता हट्ने उहाँको भनाइ छ ।

नगरप्रमुख वसन्तकुमार श्रेष्ठले घरदैलोमै पुगेर नागरिकलाई सेवा दिन र नजिकको सरकारको अनुभूति दिलाउन घुम्ती शिविरको अभियान थालिएको बताउनुभयो । “अहिले सुरुआत मात्रै गरिएको छ, यो परीक्षण पनि हो, अभियानको प्रभावकारिता हेरेर आउँदा वर्षमा पनि निरन्तरता दिन्छौँ”, उहाँले भन्नुभयो ।

# स्याङ्जाका शिवालयमा दर्शनार्थीको घुइँचो



पोखरापत्र संवाददाता
वालिङ, ३० साउन

साउनको अन्तिम सोमबार स्याङ्जाका शिवालयमा दर्शनार्थीको घुइँचो लागेको छ ।

साउन महिना भगवान् शिवको प्रिय महिना त्यसमा पनि आज विशेष दिन भएकाले शिवालयमा पूजा आराधना गनेको बिहानैदेखि घुइँचो लागेको हो । महादेवले हिमालय पुत्री पार्वतीलाई बोकेर हिँड्दै गर्दा शेष रहेको अङ्ग पतन भएको र भावविह्वल भएर त्रिशुल प्रहार गरी पानी निस्किएको ठाउँ छायाँ क्षेत्र मन्दिर (छाङ्छाङ्दी) मा दर्शनार्थीको बिहानैदेखि घुइँचो लागेको छ । स्याङ्जाको भीरकोट नगरपालिका-४ को उक्त मन्दिरमा दर्शनका लागि टाढा टाढाबाट दर्शनार्थी आउने गरेका छायाँ क्षेत्र शिव मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पिताम्बर श्रेष्ठले बताउनुभयो । “सोमबारका दिन पूजा आराधना गर्नाले मनोकामना पूरा हुने विश्वास रही आएको छ”, उहाँले भन्नुभयो, “मनले चाहेको वर माग्दा पुग्ने धार्मिक विश्वास र सिद्धार्थ राजमार्गसँगैको धार्मिकस्थल भएकाले यातायातको सहज पहुँचले दर्शनार्थीको भीड हुने गरेको छ ।” मन्दिरमा भीड हुने गरेका कारण टाढाटाढाका दर्शनार्थीहरु अघिल्लै दिन आएर पनि बिहानै दर्शन गरेर फर्कने गरेका छन् । मन्दिरमा स्याङ्जासहित पोखरा, पाल्पा, बुटवल, चितवन, बाग्लुङ, पर्वत, तनहुँबाट दर्शनार्थी आउने अध्यक्ष श्रेष्ठले बताउनुभयो । वृद्ध अशक्तलाई निःशुल्क तथा अन्यलाई द्रूत सेवावापत रु एक सय लिएर छिटो दर्शन गर्ने व्यवस्था समितिले मिलाएको छ । स्याङ्जाको चापाकोट नगरपालिका-६ मा अवस्थित केलादीधाम, गल्याङ नगरपालिका-१ मा अवस्थित रामनदीधामस्थित शिवालय, गल्याङ ११ मा रहेको हुँगीघाट, स्याङ्जा, गुल्मी र पर्वतको सङ्गमस्थल सेतीवेणीमा अवस्थित सेतीवेणी शीला, पुतलीबजार ४ गुढीखोलाको चम्पागिरी सन्यास आश्रमलगायत शिवालयमा बिहानैदेखि दर्शनार्थीको घुइँचो लागेको छ ।

# समायोजन भएका स्वास्थ्यका कर्मचारीको तलब स्थानीय तहबाट

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले समायोजन भएका स्वास्थ्यका कर्मचारीलाई सम्बन्धित स्थानीय तहले नै तलबभत्ताको व्यवस्था गर्न निर्देशन दिएको छ ।

मन्त्रालयको कर्मचारी प्रशासन शाखाका अधिकृत वैकुण्ठराज रेग्मीले आज सात सय ५३ वटै स्थानीय तहलाई पत्र लेख्दै सुरु समायोजन भएका वा दोहोरो सहमतिका आधारमा समायोजन मिलान भई हाल विभिन्न पालिकामा कार्यरत स्वास्थ्य सेवाका कर्मचारीलाई स्थानीय तहले नै तलबभत्ताको व्यवस्था गर्न निर्देशन दिनुभएको छ । निर्देशनमा कर्मचारी समायोजन मिलान भई आउन सहमति उपलब्ध गराउँदा स्वीकृत दरबन्दीभित्रको रिक्त पद वा तहका लागि मात्र उपलब्ध गराउन भनिएको छ । यस्तै सहमतिका आधारमा समायोजन मिलान भई स्वीकृत दरबन्दीभन्दा बढी कर्मचारी हुन गएमा सम्बन्धित स्थानीय तह नै जिम्मेवार हुनुपने तथा दरबन्दीभन्दा बढी कर्मचारीका लागि तलबभत्ता बापतको रकम मन्त्रालयबाट निकास नहुने जानकारीसमेत पत्रमा उल्लेख गरिएको छ । मन्त्रालयले समायोजन मिलान मापदण्डानुसार समायोजन भई दरबन्दीभन्दा बढी भएका कर्मचारीलाई कतिपय स्थानीय तहले हाल आएर फिर्ता पठाउने गरेको निर्णयप्रति पनि ध्यानाकर्षण भएको जनाएको छ ।


रोयल बचत तथा ऋण सहकारी संस्था लि.
ROYAL Savings & Credit Co-operative Ltd.

स्याङ्जाको

## २१ औं वार्षिक साधारण सभा गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०४/३१

यस संस्थाको मिति २०७९ श्रावण २९ गते बसेको संचालक समितिको बैठकले गरेको निर्णय अनुसार निम्न मिति, समय र स्थानमा २१ **औं वार्षिक साधारण सभा** तपशिलको विषय उपर छलफल र निर्णय गर्नका लागि राखिएको हुँदा शेयर सदस्य महानुभावहरुलाई अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू** :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित ।
२. लेखा समितिको प्रतिवेदन प्रस्तुत र पारित ।
३. सचिवको प्रतिवेदन प्रस्तुत र पारित ।
४. आ.ब. २०७८/०७९ को लेखा परिक्षण प्रतिवेदन उपर छलफल र पारित ।
५. आ.ब. २०७९/०८० को अनुमानित बजेट र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत र पारित ।
६. २०७९/०८० को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
७. कर्जा समितिको प्रतिवेदन प्रस्तुत र पारित ।
८. संचालक समितिका सदस्यको निर्वाचन ।
९. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षरका लागि सदस्यहरुको नियुक्ति ।
१०. विविध ।

**कार्यक्रम** :

**मिति** : **२०७९ भाद्र २४ गते शुक्रबार ।**
**समय** : **बिहान ११: ०० बजे ।**
**स्थान** : **संस्थाको भवन परिसर, हुलाकमार्ग, स्याङ्जा**

**पुनश्च** :
*साधारण सभामा तोकिएको समयमा शेयर सदस्य नै उपस्थित भएको खण्डमा यातायात खर्च उपलब्ध गराईनेछ ।*

**सचिव**
**संचालक समितिको आज्ञाले**
**रोयल बचत तथा ऋण सहकारी संस्था लि.**
**स्याङ्जा**


# घाँस उत्पादन गर्ने किसानलाई महानगरबाट अनुदान

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

पोखरा महानगरपालिकाले घाँस उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न नगद अनुदान प्रदान गरेको छ ।

घाँसमा आधारित पशुपालनमा जोड दिन महानगरले किसानलाई नगद अनुदान दिएको हो । महानगरको सघन घाँस विकास कार्यक्रम अन्तर्गत महानगरभित्र घाँस खेती गर्ने ९३ किसानलाई रु १४ लाख ६५ हजार पाँच सय ९० अनुदान दिइएको हो ।

महानगरमा गत आर्थिक वर्षमा चार सय ८९ रोपनी क्षेत्रफलमा घाँस लगाइएको र सात हजार तीन सय ३५ मेट्रिक टन घाँस उत्पादन भएको महानगर पशु सेवा शाखाका प्रमुख नवराज अधिकारीले बताउनुभयो । उहाँका अनुसार महानगरमा १० रोपनी क्षेत्रफलभन्दा बढी घाँस लगाउने १३, पाँच देखि नौ रोपनीमा लगाउने २२, दुई देखिमाथि र पाँच रोपनी भन्दा कम लगाउने किसानको सङ्ख्या ५८ जना रहेको छ । महानगरले प्रति रोपनी तीन हजारका दरले अनुदान उपलब्ध गराएको छ । महानगरका ९३ जना किसानले रु छ हजारदेखि रु ६० हजारसम्म अनुदान प्राप्त गरेका छन् । सबैभन्दा बढी २० रोपनीमा घाँस लगाउने मीना तिवारी र नन्दप्रसाद पोखरेललाई जनही रु ६०/६० हजार अनुदान प्रदान गरिएको छ । अनुदान प्राप्त गर्नुभएका पोखरेलले पहिलो पटक सरकारी अनुदान पाउँदा खुसी लागेको बताउनुभयो ।

महानगर पशु शाखाले आइतबार आयोजना गरेको अनुदान वितरण कार्यक्रममा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले पोखराको आर्थिक विकासको आधार पर्यटन र कृषि रहेको बताउनुभयो ।

महानगरले आधारभूत कृषि उत्पादनमा आत्मनिर्भर हुने नीति लिएको छ । सो नीति कार्यान्वनयनका लागि भैँसी, बाख्रा, तरकारी तथा कृषि खाद्यबाली उत्पादन गर्ने व्यावसायिक किसानलाई नगद अनुदान प्रदान गर्दै आइएको छ ।

# नेपालको विकासमा साझेदारी

रासस
काठमाडौं, ३० साउन

छिमेकी मित्रराष्ट्र भारतले सोमबार ७६औँ स्वतन्त्रता दिवस मनाएको छ । नेपाल-भारत सम्बन्ध धेरै पुरानो रहेकाले नेपालको विकासमा भारतको साथ र सहयोग रहँदै आएको छ । भारतले नेपालको ऊर्जा, रेलमार्ग, विद्यालय, एम्बुलेन्स, स्कूल बसलगायत सहयोग गर्दै आएको छ ।

विगत एक वर्षमा भारतले नेपालमा विद्युत् उत्पादन परियोजनाको विकास, अन्तरदेशीय प्रसारण पूर्वाधारको निर्माण, राष्ट्रिय प्रसारण लाइनको सञ्चालन, नेपालले भारततर्फ गर्दै आएको विद्युत् निर्यातमा वृद्धि, मोदी-लेखनाथ प्रसारण लाइन तथा सबस्टेशन परियोजनाअन्तर्गत निर्माण भएका तीन सबस्टेशनको उद्घाटन र एक सय ३२ केभी सोलु करिडोर प्रसारण लाइनको उद्घाटन अरुण-४ परियोजना कार्यान्वयनका लागि सहमति गरेको छ । यस्तै, २०७८ चैत १९ गते नेपाल र भारतका प्रधानमन्त्रीले नयाँ दिल्लीबाट ३४.९ किलोमिटर लामो जयनगर-कुर्था रेल खण्डको उद्घाटन गर्नुभएको थियो । रक्सौल-काठमाडौँ रेलमार्गको अन्तिम स्थलगत सर्वेक्षणको ५० प्रतिशत काम सम्पन्न भएको छ । यस्तै प्रहरी प्रतिष्ठानको निर्माणका लागि ठेक्का सम्झौता भएको थियो । भारत सरकारले नेपालमा गत वर्ष ७५ एम्बुलेन्स र १७ स्कूल बस उपहारस्वरुप प्रदान गरेको थियो । भारतले हालसम्म नेपालमा नौ सय ४० एम्बुलेन्स र १८४ स्कूल बस उपलब्ध गराइसकेको नेपालस्थित भारतीय राजदूतावासले जनाएको छ । भारतले उच्च प्रभाव सामुदायिक परियोजनाअन्तर्गत कास्की, मुस्ताङ, कपिलवस्तु, पर्वत, ताप्लेजुङ, तनहुँ, नुवाकोट लगायतका जिल्लामा १७ विद्यालय निर्माण गर्नाका साथै सिँचाइ र फोहोर पानी व्यवस्थापनका लागि पनि सहयोग गर्दै आएको छ । यस्तै, रक्षा सहकार्यअन्तर्गत भारत-नेपाल संयुक्त सैन्य अभ्यास र नेपाली सेनाका लागि वर्कशप ट्रक उपहारस्वरुप प्रदान गरेको छ । भारत सरकारले विगत एक वर्षमा शैक्षिक कार्यक्रमअन्तर्गत दुई हजार चार सय नेपाली विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ । भारतको स्वतन्त्रता दिवसका अवसरमा आज शुभकामना सन्देश दिँदै नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारत प्रगति पथमा लम्कँदै गर्दा पारस्परिक हित र समृद्धिका लागि नेपालसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।